आज मिति २०७४।०७।२७ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**निर्णय**

१. यस राप्ती सोनारी गाउपालिका रहेको केन्द्र अगैया देखी यस गाउपालिकाका निम्न वडा कार्यालयहरु सम्म निम्न बमोजिमको दुरी भएको निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| वडा नं. १ कुसुम सम्म | १७ कि.मि. |
| वडा नं. २ कचनापुर सम्म | ९ कि.मि. |
| वडा नं. ३ बैजापुर सम्म | ५ कि.मि. |
| वडा नं. ४ बैजापुर सम्म | ७ कि.मि. |
| वडा नं. ५ विनौना सम्म | १५ कि.मि. |
| वडा नं. ६ फत्येपुर सम्म | २७ कि.मि. |
| वडा नं. ७ फत्येपुर सम्म | ३२ कि.मि. |
| वडा नं. ८ समशेरगंज सम्म | २५ कि.मि. |
| वडा नं. ९ ढकेरी सम्म | ३३ कि.मि. |

वडा नं. ४ को गुरदनगौरी सामुदायीक स्वास्थ्य इकाई सम १८ कि.मि.

२. नेपालगंज उपमहानगर कार्यपालिका उद्योग विकाश शाखाबाट यस गाउपालिकामा निम्न तालिम संचालनको लागी प्रशिक्षर्थीको नामावली छनौट गरी पठाई दिन अनुरोध भई आएकोले उक्त तालिममा समावेस हुनको लागी १५ दिने सुचना प्रकासित गरी इच्छुक प्रशिक्षार्थिहरुबाट निवेदन संकलन गरी योग्य प्रशिक्षार्थिहरु छनौट गरि पठाउने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| क. उद्यमसिलता विकाश तालिम | १० दिने | २० जना |
| ख. युवा उद्यमशिलता तथा औद्योगिक जनशक्ति विकास तालिम | १० दिने | १० जना |
| ग. मुक्त कमैया कम्लरी तालिम | १० दिने | १० जना |
| घ. दलित समुदायका यूवाहरु सीपमुलक तालिम | ३० दिने | १० जना |

३. शिक्षा ऐन वमोजिम गाउ शिक्षा समितिमा गाउपाकिबाट सदस्य मनोनित गर्नु पर्ने भएकोले निम्न व्यक्तिहरुलाई गाउ शिक्षा समितिको सदस्य पदमा मनोनित गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| क) कान्छा थारु | वडा नं. ४ को वडा अध्यक्ष |
| ख) मिना विष्ट | गाउपालिका सदस्य |
| ग) ऋषि शर्मा | प्र.अ.शिवशक्ति मा.वि. पेनारी |
| घ) लक्ष्मी वली | प्र.अ. बालशान्ति आधारभूत विद्यालय |

४. राप्ती सोनारी गाउपालिका वडा नं. ३ मा रहेको भूरभवानी मन्दिर धार्मिक आस्थाको केन्द्र बिन्दू रहेको । सो स्थानमा खानेपानी को समश्या भएकोले खानेपानीको व्यवस्थापनको लागी रु. ३०००००। तिन लाख गाउपालिका स्तरिय कार्यक्रमको लागी भौतिक पूर्वाधार मर्मत संभार विषेश कार्यक्रमबाट दिने निर्णय गरियो ।

५. थारु समुदायको इष्ट देवताको रुपमा भूरभवानी मन्दिर रहेको । सो मन्दिरमा थारु समुदायले माघे संक्रान्तिमा ठुलो पूजा गर्ने भएकोले सो पूजा खर्चको लागी सम्वन्धित समुदायलाई रु. ५००००। पचास

हजार गाउपालिका स्थरिय कार्यक्रमको लागी छुट्याइएको धर्म तथा संस्कृति संरक्षण प्रवर्द्धन विशेष मन्दिर, चर्च, थान, शिर्षक बाट दिने निर्णय गरियो ।

६. नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा आन्तरिक वसार पसारको लागी जिल्ला समन्वय समितिबाट बोलपत्र आह्वान गरी ठेक्का लगाई सकिएको अवस्थामा उपभोक्ता समितिबाट संचान हुने पूर्वाधारका योजनाहरुमा प्रयोग हुने नदि जन्य पदार्थ यस गाउपालिका भित्र स्थानीय नदि तथा खोलाहरु प्रसस्त रहेकोले ठेक्का नलागेको स्थानबाट समेत नदि जन्य पदार्थ प्रयोग गरि स्थानीय स्तरका नै विल भर्पाई रकम भूक्तानीको लागी पेस गर्ने निर्णय गरियो ।

७. बिभिन्न विषयगत शाखाहरुको लागी छुट्याईको रु.२००००००। लाई सम्वन्धित शाखाहरुको लागी बजेट सिमा निर्धारण गर्नको लागी गाउपालिकाको अध्यक्ष श्री लाहुराम थारुको संयोजकत्वमा ३ सदस्यीय उप समिति गठन गरिएकोमा उप समितिबाट बजेटको सिमा निर्धारण गरि सम्वन्धित शाखा कार्यालयहरुलाई जानकारी गराइएकोमा सम्वन्धित शाखा कार्यालयहरुबाट निम्न बमोजिमको कार्यक्रमहरु पेस भएकोले उक्त कार्यक्रमहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| **क) बन विकास शाखा** | **२००००००।** |
| १. विरुवा उत्पादन धामपुर इलाका वन कार्यालय | ६६६०००। |
| २. विरुवा उत्पादनसमशेरगञ्ज इलाका वन कार्यालय | ६६६०००। |
| ३. विरुवा उत्पादन माथेबास इलाका बन कार्यालय | ६६६०००। |
| ४. ह्याण्ड पम्पको हेड खरिद माथेबास इलाका बन कार्यालय | २०००। |
| ५. बन तथा बातावरण संरक्षण समन्वय समिति विरुवा उत्पादन | ७०००००। |
| **ख) पशु विकास शाखा** | **४८०००००।** |
| १. पशु सेवा प्रसार | १५०००००। |
| २. बाखा नश्ल सुधार मिशन कार्यक्रम | २९६६०००। |
| ३. सहकारी खेती (बंगुर, कुखुरा) | १३४०००। |
| ४. पशु स्वास्थ्य सेवा नियमन | ५००००। |
| ५. पशु आहारा कार्यक्रम (पशु आहार) | १५००००। |
| **ग) महिला विकास शाखा** | **१००००००।** |
| १. समुह समिति गठन | २४०००। |
| २. समुह समिति पुनरगठन | २५०००। |
| ३. समितिलाई अनुदान | ४००००। |
| ४. समुह समिति अनुशिक्षण | २३२०००। |
| ५. आधारभूत तालिम | ३५२०००। |
| ६. प्रजनन् स्वास्थ्य सचेतना तालिम | १३४०००। |
| ७. महिला तथा बालबालिका कानुनी अधिकार सम्वन्धि अभिमूअिकरण | २००००। |
| ८. महिला संस्था समति माभ्ठा चौमासिक अन्तरकृया | ३५०००। |
| ९. मानव वेचविखन अन्त्यका लागी सामुदायीक परामर्स कार्यशाला | २२०००। |
| १०. महिला बालबालिका बृद्ध अपाङ्ग सम्वन्धि उद्धार कोष | ११६०००। |
| **घ) कृषि विकास शाखा** | **९००००००।** |
| १. सेवा परामर्श | ६०००००। |
| २. साना सिचाई | ४१९०००। |

३. बालि विकास ५०००००।

४. प्रधानमन्त्री आधुनिकिकरण ५२०००००।

५. आलु तरकारी मसाला २८००००।

६. माटो परिक्षण ८००००।

७. कृषी प्रसार १९२१०००।

**ङ) स्वास्थ्य औषधी खरिद १००००००।**

**च) मुक्त कमलरी तथा महिला आयआर्जन/क्षमता विकास ५०००००।**

**छ) पशु सेवा केन्द्र मर्मत धामपुर ५०००००।**

**झ) पशु सेवा केन्द्र मर्मत ढकेरी ५०००००।**

८. गाउपालिकाले मिति २०७४।७।१५ देखी १६ दिन सम्म मेरो बा. १५ च. ३४८४ नं. को स्कारपियो गाडी भाडामा प्रयोग गरेकोले गाडिभाडा प्रतिदिन को रु. ३९००। दरले रु. ६२४००। र इन्धन बाफत रुं ३०३४०। खर्च भएकोले उक्त रकम भूक्तानी पाउ भनी राप्ती सोनारी गाउपालिका वडा नं. ८ बस्ने शूर्य बहादुर खड्काले निवेदन दिएकोमा अध्यक्ष ज्यू को आदेश बमोजिम उक्त रकम भूक्तानी गरिएकोले सो भूक्तानी को खर्च समर्थ गर्ने निर्णय गरियो ।